आज मिति २०८० साल श्रावण २६ गते शुक्रबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

## उपस्थितिहरु:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | सुनमाया |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ् घले | सदस्य | |

## अन्य उपस्थिती

| | | | |
|---|---|---|---|
| १ | विजय कुमार श्रेष्ठ | सि.अ.हे.व.अधिकृत छैटौं | |
| २ | पदम बहादुर थापा | लेखा प्रमुख | |
| ३ | विवस खनाल | ईन्जिनियर | |

प्रस्तावहरु:-

१. आ.व. २०७९/०८० मा भएका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. गत आ.व. २०७९/०८० को खर्चको अनुमोदन गर्ने सम्बन्धमा ।
३. गत आ.व. को वार्षिक समिक्षा सम्बन्धमा ।
४. चालु आ.व.मा हुने विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा ।
५. आ.व. २०८०/०८१ को पालिकास्तरीय दररेट पास गर्ने सम्बन्धमा ।
६. वडा सचिवको जिम्मेवारी सम्बन्धमा ।
७. करार कर्मचारी नियुक्ति सम्बन्धमा ।
८. कार्यविधि, निर्देशिका र मापदण्ड सम्बन्धमा ।
९. उपभोक्ता समितिबाट हुने योजनाका कार्यहरुको व्यवस्थापन सम्बन्धमा ।
१०.विपद व्यवस्थापन सम्बन्धमा ।
११.नदिजन्य पदार्थको राजश्व संकलनलाई थप व्यवस्थित बनाउने सम्बन्धमा ।
१२.अध्यक्षले प्रयोग गर्ने गाडीको सम्झौता सम्बन्धमा ।
१३.कानूनी सल्लहाकारको म्याद थप सम्बन्धमा ।
१४.सूचना तथा शुभकामना प्रकाशन सम्बन्धमा ।
१५.सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।
१६.विविध परिपत्र सम्बन्धमा ।
१७.वडा समितिको बैठक सम्बन्धमा ।
१८.विविध समितिहरु गठन सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आ.व.मा बसेको कार्यपालिका बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आ.व. २०७९/०८० मा गाउँ कार्यपालिकाको कार्यालयबाट भएको खर्च लेखा शाखाबाट बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा पेश भएको खर्चको फाँटबारी बमोजिमको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको वार्षिक समिक्षा मिति २०८०/०४/२६ गते दिनको १ बजे गर्ने गरि कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी एवम् नतिजामूलक तुल्याउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो-
    क. प्राविधिक कर्मचारीहरुलाई वडागत रुपमा खटाउने ।
    ख. प्राविधिक कर्मचारीहरुका लागि आवश्यक आधारभूत तालिम भाद्र पहिलो हप्तामा संचालन गर्ने ।
    ग. प्रारम्भिक फिल्ड सर्भे र लागत इस्टिमेट भाद्र मसान्तसम्म गरिसक्ने ।
    घ. उपभोक्ता समितिको गठन भाद्र मसान्तसम्म गरिसक्ने ।
    ङ. उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम आश्वीन पहिलो हप्ता दिने ।
    च. योजना तथा कार्यक्रम सम्झौता आश्विन मसान्तसम्म गरिसक्ने ।
    छ. योजना तथा कार्यक्रम कार्यान्वयनको शिलशिलामा काम शुरु हुनु भन्दा अगाडी, कार्यको बीचमा र अन्त्यमा गरी ३ पटक अनिवार्य रुपमा सम्बन्धित प्राविधिक, वडा समिति र पालिकास्तरीय अनुगमन समितिबाट अनुगमन तथा निरिक्षण गर्ने ।
    ज. उपभोक्ता समिति गठन गर्दा सम्बन्धि टोलको हुनु पर्ने ।
    झ. दिगो विकास निर्माणमा जोड दिने ।
    ञ. नागरिक बडापत्रलाई थप प्रभावकारी बनाउने ।
    ट. विधि र प्रक्रियालाई कडाईका साथ अवलम्वन गर्ने ।
    ठ. प्रक्रियागत सरलीकरण गर्दै नतिजामूखी सेवा प्रवाहमा जोड दिने ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ को लागि पालिकास्तरीय दररेट प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राविधिक शाखाबाट पेश भई जानकारी भयो । सो सम्बन्धमा पेश भएको दररेट गोरखा जिल्लाको दररेटलाई आधार मानी तयार भएको पाईएकोले सोहि बमोजिम पास गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस पालिकाका वडाहरुमा विगतदेखिनै दरबन्दि अनुसारका प्रशासनिक वडा सचिवको पदपूर्ति नभएको र उक्त वडा सचिवहरुको जिम्मेवारी स्वास्थ्य सेवाका कर्मचारीहरुबाट हुँदै आएकोमा सोहि अवस्थालाई मध्यनजर गर्दै अर्को व्यवस्था नहुन्जेलसम्मका लागि हाललाई तपशिल बमोजिम गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं | कर्मचारीको नामथर | पद | जिम्मेवारी दिएको वडा | कैफियत |
|---|---|---|---|---|
| १ | नितिश कुमार यादव | अ.सब इन्जिनियर | १ | |
| २ | कविता घले | हे.अ. | २ | |
| ३ | मेनुका राई | अ.न.मी. | ३ | |
| ४ | धन बहादुर गुरुङ | सि.अ.हे.व. | ४ | |
| ५ | सपना कुमार घिमिरे | सि.अ.हे.व. | ५ | |
| ६ | सुजिता यादव | अ.हे.व. | ६ | |
| ७ | जित बहादुर सुनार | अ.हे.व. | ७ | |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि तपशिल बमोजिमको पदमा करार सेवामा कर्मचारी नियुक्ति प्रक्रिया अगाडि बढाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने गरियो ।

| क्र. सं. | पद | संख्या | सेवा/समुह | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि स्नातक प्राविधिक | १ | कृषि सेवा | |
| २ | ovot पशु | १ | पशु सेवा | |
| ३ | ना.प.स्वा.प्रा | १ | पशु सेवा | |
| ४ | अ.न.मी. | १ | स्वास्थ्य | |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा धार्चे गाउँपालिकालाई उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गरी स्रोत व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता एवम् प्रभावकारिता अपनाई आर्थिक सुशासन कायम गर्न गाउँपालिकाको कार्यालयले तयार गरी पेश गरेको धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८० लाई अध्ययन गरि अगामी बैठकबाट पास गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने योजना/आयोजना/कार्यक्रमहरुमा धार्चे गाउँपालिकाको भौगोलिक अवस्था, वस्तुस्थिति, दक्ष जनशक्तिको उपलब्धता निर्माण सामाग्रीको उपलब्धता नदिजन्य पदार्थको लगायतको अवस्थालाई मध्यनजर गर्दा सार्वजनिक खरिद ऐन २०६४ मा जुनसुकै कुरा उल्लेख भएता पनि रु ५० लाखभन्दा तलका योजना/आयोजना/कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गराउने र उपभोक्ता समितिलाई कामप्रति थप जिम्मेवारी र उत्तरदायित्व कायम गर्न अन्तिम भुक्तानीमा नियमानुसार ५% धरौटी कट्टा गरी धरौटी खातामा राखि ६ महिना पश्चात योजनामा कुनै असर नपरेको सुनिश्चितता गरि नियमानुसार धरौटी फिर्ता दिने ।साथै ५० लाखभन्दा माथिका योजनाहरु नियमानुसार ठेक्का प्रक्रियामा जाने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाडौंको च नं ३८ मिति २०८०।०४।०५ गतेको पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा तपशिल बमोजिमका विपद जोखिमयुक्त स्थानहरुको थप अध्ययनका लागि तोकिएको प्रक्रिया पूरा गरि प्राधिकरणमा अनुरोध गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. सं. | वडा नं | स्थान | कैफियत |
|---|---|---|---|
| १ | १ | दोभान र दाम्पकचेत | |
| २ | २ | केरौजा गाउँ पहिरो र रुन्चेत पडक्यूड नड पहिरो | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | ३ | लक्पाल पहिरो, लुसिराङ बस्ती, खोर्ला दिउचेत पहिरो, खोर्लाबेसी बस्ति, केराबारी बस्ति र उहिया दलित बस्ति | |
| ४ | ४ | गुम्सिपाखा नयाँ बस्ति र पुरानो गाउँ लाप्राक बस्ति | |
| ५ | ५ | माछिखोला, गुम्दा कोलस्टोर परिसर, समुपाखा पहिरो, माझगाउँ पाखा पहिरो र यामगाउँको पहिरो | |
| ६ | ६ | चामखर्क पहिरो, काशीगाउँ पहिरो र यार्सा स्कूल पहिरो | |
| ७ | ७ | भिरकुना, खानीगाउँ र नौली खोला परिसर | |

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा चालु आ व मा नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा)लाई राजश्व संकलनको प्रमुख स्रोतका रुपमा पहिचान गरिएको हुनाले यथासमयमै वैधानिक प्रक्रियाबाट राजश्व संकलन गर्न ठेक्का आव्हान गर्ने । साथै यस पालिकाको क्षेत्रभित्र कार्यान्वयन हुने संघीय तथा प्रदेशस्तरीय योजनाहरुमा नदिजन्य पदार्थ लगायत प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा यस गाउँपालिकालाई नियमानुसार तिर्नु पर्ने राजश्व अनिवार्य तिरेपछि मात्र भुक्तानी दिने व्यवस्था मिलाईदिन जिल्लास्थित सम्बन्धित संघीय तथा प्रदेश कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा हाल यस गाउँपालिकाका अध्यक्षले प्रयोग गर्ने भाडामा लिएको TOYOTA HILUX गाडीको सम्झौता यहि असारमसान्तपछि सकिएको हुँदा २०८० श्रावण मसान्तसम्मका लागि १ महिनाका लागि नियमानुसार म्याद थप गरि भुक्तानी गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाका अध्यक्षको कानूनी सल्हाकारका रुपमा सेवा प्रदान गर्न नियुक्त भएका अधिवक्ता श्री राजु गुरुङसँगको सम्झौता म्याद यहि असारमसान्तपछि सकिएको हुँदा २०८१ असारमसान्तसम्मका लागि नियमानुसार म्याद थप गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा गत वर्षमा कार्यालयको अग्रिम स्वीकृत विनानै कतिपय पत्रपत्रिका र सूचना तथा संचार माध्यमहरुले गाउँपालिकाको विविध सूचना तथा शुभकामना प्रकाशन तथा प्रशारण गर्ने गरेको पाईएकोले चालु आ व मा यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्दै गाउँपालिकाको सूचना तथा शुभकामना लगायतका सामाग्रीहरु प्रकाशन तथा प्रशारण आवश्यकताका आधारमा गर्ने तथा प्रकाशन तथा प्रशारण गर्नुपूर्व स्वीकृति लिएर मात्र गर्ने व्यवस्था मिलाउन सबै सूचना तथा संचार माध्यमहरुलाई सार्वजनिक रुपमा आव्हान गर्ने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुले प्रत्येक आ व को ६० दिन भित्रमा गत आ व को आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गर्नुपर्ने प्रावधान बमोजिम आ व २०७९।०८० को सम्पत्ति विवरण यहि भाद्र १० गतेभित्रमा तोकिए बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने व्यवस्था सम्बन्धित वडामार्फत सबै जनप्रतिनिधिहरुमा जानकारी गराउने निर्णय गरियो ।

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा विभिन्न निकायहरुबाट प्राप्त परिपत्रहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई जानकारी भयो ।सो सम्बन्धमा आदेशानुसार कामकारवाही गर्न/गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस गाउँपालिकाका वडाहरुबाट हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी एवम् नतिजामूलक बनाउनका लागि वडा समितिको बैठक मासिक रुपमा ३ पटक वा आवश्यकतानुसार बसि निर्णय गरि अगाडि बढ्ने र सो निर्णय गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा विगतमा गठित गाउँपालिकास्तरीय अनुगमन तथा मुल्याङकन समिति तपशिल बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो ।

तपशिल

क. श्री सुनिला गुरुङ, उपाध्यक्ष - संयोजक

ख. श्री राकेश गुरुङ, कार्यपालिका सदस्य - सदस्य

ग. श्री देवी सुनार, कार्यपालिका सदस्य - सदस्य

घ. श्री प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ङ. श्री प्रमुख, योजना शाखा – सदस्य सचिव

च. श्री प्रमुख, प्रविधिक शाखा - आमन्त्रित सदस्य

CamScanner

त्यसैगरि तपशिल बमोजिमको समितिहरु गठन गरियो-

१. उपभोक्ता हित संरक्षण समिति:

क. उपाध्यक्ष, श्री सुनिला गुरुङ- संयोजक
ख. आर्थिक समिति संयोजक, श्री भिम प्रसाद गुरुङ- सदस्य
ग. जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य
घ. स्वास्थ्य शाखा प्रमुख - सदस्य
ङ. गोरखा उद्योग वाणिज्य संघ, माछिखोला इकाई अध्यक्ष, श्री धन कुमार गुरुङ - सदस्य
च. उपभोक्ता हित संरक्षणमा क्रियाशिल संघसंस्थाको प्रतिनिधि- सदस्य
छ. सामाजिमक विकास शाखा प्रमुख- सदस्य सचिव

२. गैर सरकारी संस्था समन्वय समिति:

क. उपाध्यक्ष, श्री सुनिला गुरुङ - संयोजक
ख. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
ग. सामाजिक विकास समिति संयोजक श्री किसान गुरुङ - सदस्य
घ. गैसस महासंघको प्रतिनिधि- सदस्य
ङ. गणेश हिमाल एशोशियसन अध्यक्ष श्री सुनार बहादुर गुरुङ -सदस्य
च. महिला प्रतिनिधि ................ संस्था- सदस्य
छ. सामाजिक विकास शाखा प्रमुख- सदस्य सचिव

३. महिला शान्ति तथा सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोस्रो कार्ययोजना (२०७९/८०-२०८१/८२) को दफा नं. १२.५ बमोजिम कार्ययोजना कार्यान्वयन स्थानीय समिति

क. संयोजक — गाउँपालिका अध्यक्ष
ख. सदस्य — गाउँपालिका उपाध्यक्ष
ग. सदस्य — कार्यपालिका सदस्यहरु सबै
घ. सदस्य — जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि
ङ. सदस्य — माछिखोला प्रहरी चौकी प्रमुख
च. सदस्य — महिला अधिकारको क्षेत्रमा क्रियाशिल महिलाहरुमध्येबाट संयोजकले तोकेका तीन जना
छ. सदस्य-सचिव — प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८० साल भाद्र २७ गते बुधबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरुः**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | Rakesh G |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | सुनमाया |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**व्यवस्थापन सहयोगी**

| | | | |
|---|---|---|---|
| १ | धन प्रसाद गुरुङ | क.अ. | |
| २ | पदम बी. थापा | लेखा प्रमुख | |
| ३ | | | |

CamScanner

प्रस्तावहरु:-

१. यस अघि भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को उत्खनन तथा संकलन सम्बन्धमा ।
३. राजश्व शाखाको जिम्मेवारी सम्बन्धमा ।
४. प्र.अ.को नियुक्ति सम्बन्धमा ।
५. धार्चे गाउँपालिकाको खर्चको मापदण्ड २०८० पारित गर्ने सम्बन्धमा ।
६. चालु आ.व.मा हुने विकास निर्माणका सम्बन्धमा ।
७. संघ र प्रदेश सरकारबाट धार्चे क्षेत्रभित्र कार्यान्वियन हुने विकास योजनाहरु सम्बन्धमा ।
८. विपदबाट क्षति भएका सडक र पदमार्ग सरसफाई तथा अन्य व्यक्तिगत भौतिक संरचनाको व्यवस्थापन सम्बन्धमा ।
९. गाउँ कार्यपालिकाको कार्यालयबाट हालसम्म भएका कार्यहरुको प्रतिवेदन पेश सम्बन्धमा ।
१०.सामूदायिक सिकाई केन्द्र स्थापना सम्बन्धमा ।
११.प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
१२.माछिखोलाको रेसे बगर संरक्षण सम्बन्धमा ।
१३.वडा नं. १ मा रहेको मण्डली संरक्षण गर्ने सम्बन्धमा ।
१४.संविधान दिवस (असोज ३) मनाउने सम्बन्धमा ।
१५.वृहत लोकदोहोरी महोत्सव, २०८० सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि बसेको कार्यपालिका बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको क्षेत्र हुँदै बग्ने बुढिगण्डकी नदि तथा रेसे खोलाबाट नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को वैधानिक रुपमा उत्खनन तथा संकलन गर्नका लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गत आ.व. २०७९/०८० मा सम्पन्न भएकोले चालु आ.व. २०८०/०८१ मा उक्त नदिबाट नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) उत्खनन तथा संकलन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा धार्चे गाउँपालिकाले चालु आ.व. २०८०/०८१ मा राजश्व संकलनमा लिएको लक्ष्य हासिल गर्न कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको राजश्व शाखालाई थप चुस्त, दुरुस्त बनाई राजश्व संकलन तथा असुल उपर गर्ने कार्यलाई प्रभावकारी, पारदर्शी एवम् नतिजामूलक बनाउन अर्को व्यवस्था नभएसम्मका लागि पंजिकरण शाखामा कार्यरत फिल्ड सहायक असिम गुरुङलाई जिम्मेवारी दिई कामकाजमा खटाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धार्चे गाउँपालिका अन्तर्गत सञ्चालित तपसिलका विद्यालयहरुमा रिक्त भएको प्र.अ. पदमा संघीय शिक्षा नियमावली, २०५९ को परिच्छेद १७ नियम ९३ को उपनियम २ र धार्चे गाउँपालिकाकको शिक्षा नियमावली, २०७५ को परिच्छेद ९ नियम ५० को उपनियमहरुमा उल्लेख भए अनुसार स्थायी शिक्षकहरु मध्येबाट जेष्ठताको आधारमा ५ वर्षे स्थायी सेवा कुनै पनि शिक्षकमा नरहेकोले स्थायी सेवा र शैक्षिक योग्यताको आधारमा निज शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भए अनुसार प्रधानाध्यपकमा नियुक्ति दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | प्र.अ.मा नियुक्ति हुने शिक्षकको नाम थर | कैफियत |
|---|---|---|---|
| १ | श्री केरौंजा मा.वि. धार्चे-२, केरौंजा | सञ्चय ढकाल | |
| २ | श्री शिव आ.वि. धार्चे-२, केरौंजा | सूर्य घले | |
| ३ | श्री गोरखनाथ आ.वि. धार्चे-७, खानीगाउँ | अरुण कुमार राय | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा धार्चे गाउँपालिकालाई उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गरी स्रोत व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता एवम् प्रभावकारिता अपनाई आर्थिक सुशासन कायम गर्न गाउँपालिकाको कार्यालयले तयार गरी पेश गरेको धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८० लाई अध्ययन गरि अगामी बैठकबाट पास गर्ने भनि मिति २०८०।०४।२६ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार उक्त मापदण्ड सर्वसहमतिले पारित गरियो र चालु आ व मा हुने सम्पूर्ण खर्च यसै मापदण्डको अधिनमा रहि गर्ने निर्णय गरियो ।

CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी एवम् नतिजामूलक तुल्याउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो-

क. उपभोक्ता समिति गठन असोज १५ गतेसम्म गर्ने गरि थप गर्ने ।

ख. प्राविधिक कर्मचारीहरुका लागि आवश्यक आधारभूत तालिम आश्विन दोस्रो हप्तासम्म संचालन गर्ने ।

ग. प्रारम्भिक फिल्ड सर्भे र लागत इस्टिमेट आश्विन मसान्तसम्म गरिसक्ने ।

घ. उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम आश्वीन मसान्तसम्म संचालन गर्ने ।

ङ. योजना तथा कार्यक्रम सम्झौता आश्विन मसान्तसम्म गर्ने ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा यस पालिका क्षेत्रभित्र संघ तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने योजना, आयोजना तथा कार्यक्रमहरुको विवरण तत् तत् कार्यालयहरुबाट माग गर्ने साथै त्यस्ता योजना, आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आउदा समन्वय तथा सहमति गर्ने अधिकार गाउँपालिका मार्फत गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको क्षेत्रभित्र वर्षायामको समयमा मनसुनजन्य विपदका घटनाहरुबाट क्षति भएका तपशिल बमोजिमका पदमार्ग तथा सडकहरु प्राविधिक सर्वेक्षण तथा मुल्याङ्कन गरि आवश्यकता तथा प्राथमिकताका आधारमा आगामी दशैंभित्र सरसफाई गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सहजता गर्ने । साथै त्यस्ता घटनाहरुबाट क्षति भएका व्यक्तिगत भौतिक संरचनाहरुको लगत वडाहरुबाट संकलन गरि यथासिघ्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो।

तपशिल:

सडक खण्डहरु

क. यार्साखोला-काशीगाउँ-केरौजा-रुन्चेत सडक

ख. लापुवेशी-लापुगाउँ सडक

ग. लापुगाउँ-गुम्दा सडक

घ. खानीबेशी-खानीगाउँ सडक

ङ. लाप्राक पुरानो गाउ देखि गुम्दा सडक

च. लाप्राक-सिङला सडक

छ. दोभान-उहिया-दुङला सडक

पदमार्गहरु

क. लामाबेसी केरौजा रुन्चेत गोरेटोबाटो

ख. सिङला देखि खोर्लाकोट गोरेटोबाटो

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयले चालु आ व मा हालसम्म सम्पादन गरेको कार्यको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई जानकारी भयो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ स्थित केरौजामा रहेको सामुदायिक सिकाई केन्द्र हाल संचालनमा नरहेको बुझिन आएको हुँदा उक्त सिकाई केन्द्रलाई संचालनमा ल्याउन आवश्यक कार्य/प्रक्रिया अगाडि बढाउन वडा नं. २ का अध्यक्ष श्री सरोज गुरुङलाई जिम्मा दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गरि सूचिकृत गरिएको विवरण १४१६ (पुरुष ६७१ र महिला ७४५) जना रोजगार संयोजकबाट पेश भई जानकारी भयो । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिबाट पेश भए बमोजिम उक्त कार्यक्रमका लागि विनियोजित बजेट बाँडफाँट गरि कार्यान्वयन गर्ने प्रयोजनका लागि सबै वडाहरुसँग योजना माग गरी सोही अनुसार बजेट बाँडफाँट गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस पालिकाको वडा नं. ५ स्थित माछिखोलामा रहेको रेसे खोला बगर वर्षायामसँगै अविरल बर्षाका कारण रेसेखोलामा विभिन्न समयमा आएको बाढिले गर्दा कटान गरि माछिखोला बगर जोखिममा रहेको हुँदा उक्त बगर संरक्षण गर्नका लागि फिल्ड सर्भे गरि प्राविधिक इष्टिमेट गर्ने र संघ तथा प्रदेश सरकारमा आवश्यक बजेट माग गरि पठाउने निर्णय गरियो ।

CamScanner

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा वडा नं १ दोभानमा रहेको दोभान मण्डलीको नजिक गएको पहिरोले जोखिममा रहेको हुँदा उक्त मण्डली संरक्षण गर्नका लागि प्राविधिक इष्टिमेट गरि विपद व्यवस्थापनबाट पचास हजारसम्म खर्च व्यहोर्ने गरि मर्मत गर्ने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार काठमाडौंको च नं १४० मिति २०८०।०५।२१ गतेको पत्र प्राप्त भई बैठकमा पेश गरि छलफल गरियो । सो सम्बन्धमा यस वर्षको संविधान दिवस (असोज ३) भव्य रुपमा मनाउनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

क. २, ३ र ४ गते पालिका कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयमा राष्ट्रिय झण्डा सजाई कार्यालय र परिसर सरसफाई गर्ने

ख. पालिका कार्यालय वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयमाहरुमा २, ३ र ४ गते दिप प्रज्वलन गर्ने

ग. पालिकावासी आम नागरिकहरुलाई आ आफ्ना घर टोल तथा सार्वजनिक स्थलहरुको सरसफाई र ३ गते साँझ घर घरमा दिप प्रज्वलन गर्न अनुरोध गर्ने

घ. पालिकास्थित मठ-मन्दिर, बुद्ध-विहार र चर्च लगायतका धार्मिक स्थानहरुमा पुजारी धर्मगुरुबाट हुने नित्यपूजा वा प्राथना गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुको आत्मको चिरशान्तीको कामना सहित उच्च सम्मान साथ श्रद्धासुमन अर्पण गर्ने व्यवस्था मिलाउने ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल जिल्ला कार्यसमिति गोरखाको मिति २०८०।०५।०३ गतेको पत्र प्राप्त भई बैठकमा पेश भयो । सो सम्बन्धमा उक्त प्रतिष्ठानले गोरखामा आयोजना गर्ने वृहत लोकदोहोरी महोत्सव, २०८० मा पालिकास्तरीय दोहोरी ताराका लागि उपविजेता पुरस्कार राशी रु २५५५५।- प्रायोजन गर्ने र उक्त महोत्सवमा सहभागी हुन जाने झाँकी तथा प्रतियोगि कलाकारको आवश्यक खर्च नियमानुसार यस पालिकाले व्यहोर्ने निर्णय गरियो ।

CamScanner

आज मिति २०८० साल असोज २१ गते आइतबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

व्यवस्थापन सहयोगी

| | | | |
|---|---|---|---|
| १ | पदम ब. थापा | लेखा प्रमुख | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरु:-

१. यस अघि भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. मा हुने विकास निर्माण सम्बन्धी छलफल सम्बन्धमा ।
३. विपदबाट क्षति भएका सडक तथा पदमार्ग सरसफाई तथा मर्मत सम्भार सम्बन्धमा ।
४. मलेपको प्रारम्भिक सुझाव माथि छलफल सम्बन्धमा ।
५. चालु आ.व. मा जेसिभि खरिद शिर्षकमा विनियोजित बजेटबाट ब्याकलोडर खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।
६. माछिखोला, रुन्चेत र केरौजा खानेपानी आयोजनाको ठेक्का सम्झौता सम्बन्धमा ।
७. सर्जङबेशी देखि काशीगाउँ जोड्ने मोटरबाटो सम्बन्धमा ।
८. चालु आ व को तरकारी वाली उन्नत जातका विउविजन कार्यक्रमको कार्यान्वयन सम्बन्धमा ।
९. बजार अनुगमन सम्बन्धमा ।
१०.राजश्व संकलनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा ।
११.करार कर्मचारीको तलब पुनरावलोकन गर्ने सम्बन्धमा ।
१२.करार सेवामा कार्यालय सहयोगी नियुक्ति गर्ने सम्बन्धमा ।
१३.भूमिको वर्गिकरण सम्बन्धमा ।
१४.विविध परिपत्रहरु सम्बन्धमा ।
१५.गाउँ कार्यपालिकाको कार्यालयबाट हालसम्म भएका कार्यहरुको प्रतिवेदन पेश सम्बन्धमा ।
१६.प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित बजेट वडागत रुपमा बाँडफाँट गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि बसेको कार्यपालिका बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, छिटो, छरितो, गुणस्तरीय, प्रभावकारी, पारदर्शी जवाफदेही लागतप्रभावी एवम् नतिजामूलक तुल्याउनका लागि वडाबाट हालसम्म भएका कार्यहरुको वडाध्यक्ष एवम् कार्यपालिका सदस्यहरुबाट रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको क्षेत्रभित्र वर्षायामको समयमा अविरल वर्षाका कारण आएको बाढि तथा पहिरोबाट क्षति भएका तपशिल बमोजिमका सडकहरु आगामी दशैभित्र सरसफाई तथा मर्मत सम्भार गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सरलता एवम् सहजता ल्याउनका लागि कोटेशन प्रक्रियाबाट कार्य गर्न गराउन व्यवस्था मिलाउने साथै सडक मर्मत शिर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो।

   तपशिल:

   क. यार्साखोला-काशीगाउँ-केरौजा-रुन्चेत सडक
   ख. लापुवेशी-लापुगाउँ-गुम्दा सडक
   ग. खानीबेशी-खानीगाउँ सडक
   घ. लाप्राक पुरानो गाउ देखि गुम्दा सडक
   ङ. लाप्राक-सिङला सडक

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको आ.व. २०७९।०८० को अन्तिम लेखा परिक्षण महालेखापरिक्षकको कार्यालयबाट खटिई आएको डोर टोलिबाट यहि असोज ८ र ९ गते सम्पन्न भयो । उक्त मलेप टोलिले लेखा परिक्षणको क्रममा दिएका प्रारम्भिक सुझावहरु प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा टोलिले दिएका सुझावहरुको पूर्ण पालना गरि चालु आ व मा गाउँपालिकाले गर्ने सार्वजनिक खर्च आर्थिक कार्यविधि र मानदण्ड बमोजिम थप प्रभावकारी पारदर्शी जवाफदेही औचित्यपूर्ण लागतप्रभावी एवम नतिजामूलक बनाउने व्यवस्था मिलाउने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. मा जेसिभि खरिद शिर्षकमा विनियोजित बजेटबाट ब्याकलोडर मेसिन खरिद गर्नका लागि यस पालिका भौगोलिक हिसाबले अन्यन्तै विकट रहेको यहाँको भूधरातल चट्टानयुक्त रहेको अधिकांश सडकहरु कच्ची ग्रामीण तथा जोखिमयुक्त रहेका कतिपय वडा कार्यालयहरु र सबै वस्तिहरुमा सडक नपुगेको वर्षायाममा वाढि पहिरोबाट सडकखण्डहरुमा ठाउँठाउँमा पहिरो जाने तथा खहरे खोला उर्लने हुँदा सवारी नचल्ने लगायतका समस्या तथा चुनौतीहरु हुने हुँदा यस्तो परिस्थितिमा उपयुक्त तथा बलियो मेसिन खरिद गर्नुपर्ने आवश्यकता हुनाले यहाँको भूगोलमा

CamScanner

उपयुक्त हुने जेसिभि कम्पनिको ब्याकलोडर क्याटलग सपिड विधिबाट खरिद गर्ने आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. मा यस गाउँपालिकाका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) मा माछिखोला खानेपानी आयोजना तथा रुन्चेत खानेपानी आयोजना ओडडोमसोम खानेपानी आयोजनामा बजेट बिनियोजन भई आएकोले उक्त आयोजनाहरु कार्यान्वयन गर्नका लागि आवश्यक ठेक्का निष्काशन DPR का आधारमा गर्नका लागि प्रक्रिया अगाडी बढाउने साथै प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) मा केरौजा खानेपानी आयोजनाका लागि बजेट विनियोजना भई आएकोले उक्त आयोजना कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति गठन गरि समितिमार्फत कार्य गर्ने गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा यस पालिकाका लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपूरक अनुदान) मा सर्जडबेशी काशीगाउँ सडकका लागि बजेट विनियोजन भई आएकोले उक्त योजना कार्यान्वयन गर्नका लागि कन्टिन्जेन्सीबाट खर्च व्यहोर्ने गरि उक्त सडकको डिपिआर गरि अन्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ व मा कृषि विकास शाखामार्फत कार्यान्वयन हुने गरि तरकारी वाली उन्नत जातका विउविजन कार्यक्रममा विनियोजित बजेटको कार्यान्वयन गर्ने क्रममा हिउदे र वर्षे तरकारी बालीका उन्नत जातका विउ विजन वितरण गर्ने गरि शाखाले विउविजन खरिद गरि प्राप्त भएको हुँदा उक्त विउविजनलाई तपशिल बमोजिम वडा कार्यालयहरुलाई वितरणको जिम्मा दिने निर्णय गरियो ।

तपशिल:

| सि नं | विउ विजन | एकाई | जम्मा परिमाण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मुला चालिसे | २० ग्रा | ६०० | ७५ | १०० | ७५ | १०० | १०० | ७५ | ७५ | |
| २ | रायो मार्फचौडा | १० ग्रा | ६०० | ७५ | १०० | ७५ | १०० | १०० | ७५ | ७५ | |
| ३ | केराउ सिकिमे | २० ग्रा | ९०० | ११५ | १४५ | ११५ | १४५ | १५० | ११५ | ११५ | |
| ४ | काउली स्नोक्राउन | १० ग्रा | ३५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ५ | काउली का स्थानीय | १० ग्रा | ४०० | ५५ | ६० | ५५ | ६० | ६० | ५५ | ५५ | |
| ६ | बन्दा ग्रिनकोनेट | १० ग्रा | ३५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| ७ | बन्दा कोपनहेगन | १० ग्रा | ३०० | ४० | ४५ | ४० | ४५ | ४५ | ४२ | ४३ | |
| ८ | गोलभेडा सिर्जना | २ ग्रा | २० | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ९ | धनिया | १० ग्रा | ४०० | ५५ | ६० | ५५ | ६० | ६० | ५५ | ५५ | |
| १० | प्याज | २० ग्रा | ५० | - | - | - | - | - | - | - | |
| ११ | प्याज | के जि | ७ | १ | १ | १ | १ | १ | १ | १ | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका क्षेत्रभित्र रहेका बजार क्षेत्र लगायतमा आउदै गरेको वडादशै लगायतका चाडपर्वहरुलाई लक्षित गरि अत्यावश्यक खाद्यन्न फलफुल तथा तरकारी लगायतका वस्तुहरुको आयात तथा आपूर्तिलाई सहज बनाउने मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्ने अखाद्य पदार्थको मिसावट तथा विक्रि वितरणलाई नियन्त्रण गर्न लगायतका कार्यहरुलाई सरल सहज एवम व्यवस्थित तुल्याउनका लागि उपाध्यक्षको नेतृत्वमा बजार अनुगमन गर्ने साथै त्यस क्रममा भेटिएका अनुचित तथा अवाञ्छित गतिविधिहरुमा नियमानुसार कारवाहिको दायरामा ल्याउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा राजश्व संकलनमा लिएको लक्ष्य हासिल गर्न कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको राजश्व शाखालाई थप चुस्त, दुरुस्त प्रभावकारी, पारदर्शी जवाफदेही एवम् नतिजामूलक बनाई राजश्व संकलन कार्यलाई पूर्णरुपमा विद्युतीय प्रणालीमा आवद्ध गर्ने गराउने साथै वडाहरुबाट संकलन हुने राजश्वलाई जोड दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा देहाय बमोजिमका करार सेवाका कर्मचारीले खाइपाई आएको तलवभत्तामा पुनरावलोकन गर्ने निर्णय गरियो ।

CS CamScanner

देहाय

| क सं | नामथर | पद | सेवा समूह | तलबको स्रोत | तलब स्केल रु मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूजा गुरुङ | अ.न.मी. | स्वास्थ्य/प.हे.न. | नेपाल सरकार शसर्त | ३२,९०२.०० | |
| २ | सुस्मिता गुरुङ | अ.न.मी. | स्वास्थ्य/प.हे.न. | नेपाल सरकार शसर्त | ३२,९०२.०० | |
| ३ | मनमाया गुरुङ | का स | करार | गा पा अनुदान | २०,०००.०० | |
| ४ | उषा गुरुङ | का स | करार | नेपाल सरकार शसर्त | २२,०००.०० | |
| ५ | माईली गुरुङ | का स | करार | नेपाल सरकार शसर्त | २२,०००.०० | |
| ६ | सोनी गुरुङ | का स | करार | नेपाल सरकार शसर्त | २२,०००.०० | |
| ७ | तेजमान गुरुङ | का स | करार | नेपाल सरकार शसर्त | २२,०००.०० | |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस पालिकाको कार्यालय अन्तर्गत तपशिल बमोजिम रित्त रहेको कार्यालय सहयोगी पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क.सं. | पद | संख्या | कार्यरत रहने निकाय | तलब स्केल | कैफियत |
|---|---|---|---|---|---|
| १ | का. स. | १ | गा पा कार्यालय | २००००।- | करार |
| २ | का. स. | १ | वडा नं. ३ | १५०००।- | करार |
| ३ | का. स. | १ | वडा नं. ४ | १५०००।- | करार |

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाभित्र पर्ने जग्गालाई प्रचलित नियमानुसार बर्गिकरण गरि विभिन्न प्रायोजनमा प्रयोग गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन वडा समितिबाट छलफल गरि निर्णय गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा डिभिजन वन कार्यालय गोरखाको च नं २२७ मिति २०८०।०६।०८ गतेको पत्र प्राप्त भई बैठकमा पेश गरि छलफल गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयले चालु आ.व. मा हालसम्म सम्पादन गरेको कार्यको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई जानकारी भयो ।

१६.प्रस्ताव नं १६ माथि छलफल गर्दा चालु आ व मा प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित बजेट वडागत रुपमा तपशिल बमोजिम बाँडफाँट गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

तपशिल

| क.सं. | वडा नं. | नेपाल सरकार | विश्व बैंक | गाउँपालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ हुलचुक | ४,२४,०००.०० | ४,११,०००.०० | ८०,०००.०० | ९,१५,०००.०० | |
| २ | २ केरौजा | ५,७५,०००.०० | ५,२०,०००.०० | १,५०,०००.०० | १२,४५,०००.०० | |
| ३ | ३ उहिया | ५,२५,०००.०० | ४,५०,०००.०० | १,४५,०००.०० | ११,२०,०००.०० | |
| ४ | ४ लाप्राक | ६,००,०००.०० | ५,३०,०००.०० | १,६०,०००.०० | १२,९०,०००.०० | |
| ५ | ५ गुम्दा | ७,००,०००.०० | ६,००,०००.०० | १,७५,०००.०० | १४,७५,०००.०० | |
| ६ | ६ काशीगाँउ | ५,२५,०००.०० | ४,५०,०००.०० | १,४५,०००.०० | ११,२०,०००.०० | |
| ७ | ७ लापु | ५,२५,०००.०० | ४,५०,०००.०० | १,४५,०००.०० | ११,२०,०००.०० | |
| | जम्मा | ३८,७४,०००.०० | ३४,११,०००.०० | १०,००,०००.०० | ८२८५०००.०० | |

आज मिति २०८० साल कार्तिक १९ गते आइतबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

व्यवस्थापन सहयोगी

| | | | |
|---|---|---|---|
| १ | पदम ब. थापा | लेखा प्रमुख | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरु:-

१. यस अघि भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. आपतकालीन सडक तथा पदमार्ग मर्मत तथा सरसफाई सम्बन्धमा ।
३. Clean & Green Machhikhola अभियान अन्तर्गत माछिखोला बजार सरसफाई सम्बन्धमा ।
४. माछिखोला बजार क्षेत्रमा फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।
५. चालु आ.व.मा हालसम्मको खर्च प्रगति सम्बन्धमा ।
६. गाउँ कार्यपालिकाको कार्यालयबाट हालसम्म भएका कार्यहरुको प्रतिवेदन पेश सम्बन्धमा ।
७. जाजरकोट भूकम्प पिडितलाई आर्थिक सहयोग सम्बन्धमा ।
८. घुम्ति व्यापार व्यवसाय सम्बन्धमा ।
९. स्थानीय शिक्षा योजना पास गर्ने सम्बन्धमा ।
१०.मलेपको प्रारम्भिक प्रतिवेदनमाथि छलफल सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि बसेको कार्यपालिका बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको क्षेत्रभित्र वर्षायामको समयमा अविरल वर्षाका कारण आएको बाढि तथा पहिरोबाट क्षति भएका विभिन्न सडकहरु सरसफाई तथा मर्मत सम्भार गरि मानिसहरु, सवारी साधन तथा पशुचौपाय आवतजावतमा सरलता एवम् सहजता ल्याउनका लागि आवश्यक व्यवस्था मिलाउने साथै सडक मर्मत शिर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो।

तपशिल:

सडक खण्डहरु

क. तातोपानी-उहिया-दुङ्ला सडक
ख. माछिखोला-रेसे-सिङ्ला-लाप्राक सडक
ग. सोती-माछिखोला-दोभान सडक मर्मत
घ. खोर्ला खोलामा हिम पाईप व्यवस्थापन

पदमार्गहरु

क. निमरुङ देखि मुखचौतारा उहिया गोरेटो बाटो (रु १ लाखसम्म)
ख. खोर्ला बेशी देखि अन्तरबेशी गोरेटो बाटो (रु ५० हजारसम्म)

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाले चालु आ.व. २०८०।०८१ मा अवलम्बन गरेको Clean & Green Machhikhola अभियान अन्तर्गत माछिखोला बजार सरसफाईलाई व्यवस्थित गर्न र संकलन भएका फोहोरमैलालाई ढुवानी गरि डम्पिङ साईटमा पुर्याई व्यवस्थापन गर्नका लागि एक हप्तामा कम्तिमा एकदिन शनिवार प्रयोग गर्ने गरि एकजना कामदार सहित उपयुक्त ट्याक्टर भाडामा लिने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा Clean & Green Machhikhola अभियान अन्तर्गत माछिखोला बजार क्षेत्रमा साप्ताहिक रुपमा सरसफाई गरि फोहोर संकलन गरि डम्पिङ साइट समेत पहिचान गरि फोहोरमैला व्यवस्थापन गर्ने कार्य सुरु गरिएको हुँदा बुढिगण्डकी नदि र रेसे खोलामा जथाभावी फोहोरमैला फाल्ने कार्यलाई निषेध गर्ने र जथाभावी फोहोरमैला फाल्ने व्यक्तिलाई पहिलो पटक जरिवाना शुल्क रु ५०० र पटकै पिच्छे दोब्बर हुने गरि जरिवाना निर्धारण गर्ने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. मा गाउँ कार्यपालिकाको कार्यालयबाट भएको असोज मसान्तसम्मको खर्चको फाँटवारी बमोजिमको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयले चालु आ.व. मा हालसम्म सम्पादन गरेको कार्यको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई जानकारी भयो ।

CamScanner

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८०।०७।१७ गते जाजरकोटलाई केन्द्र विन्दु बनाई गएको भूकम्पबाट ज्यान गुमाएका मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना सहित भूकम्प पिडितहरुको गाँस बास र कपासका लागि गाउँपालिकाको तर्फबाट विपद व्यवस्थापन शिर्षकबाट रु एक लाख आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको क्षेत्रभित्र अवैध रुपमा प्रवेश गरि घुम्ति व्यापार तथा व्यवसाय गरेको जनगुनासो प्राप्त भएको हुँदा वैधानिक रुपमा गाउँपालिकामा दर्ता नविकरण गरि कर तिरी व्यापार व्यवसाय गरेका व्यवसायीहरुको माग समेतका आधारमा त्यस्ता घुम्ति व्यापार व्यवसायजन्य कार्यलाई पूर्ण रुपमा निषेध गरि व्यापार व्यवसायलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको १० वर्षे सोच सहितको स्थानीय शिक्षा योजना (२०८०।०८१-२०८९।०९०) प्रमुख प्रशासकीय अधिकृत मार्फत शिक्षा युवा तथा खेलकुद शाखाबाट विज्ञको सहयोगमा तयार गरिएको योजना बैठकमा पेश भई छलफल गरियो ।सो स्थानीय शिक्षा योजना बैठकबाट स्वीकृत/पारित गरि कार्यान्वयनमा लाने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा आ व २०७९।०८० को अन्तिम लेखापरिक्षण महालेखापरिक्षणको कार्यालयबाट सम्पन्न गरि दिएको प्रारम्भिक प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त प्रतिवेदनमा उल्लेखित सुझावहरुको पूर्ण पालना गरि चालु आ व मा गाउँपालिकाले गर्ने सार्वजनिक खर्च आर्थिक कार्यविधि र मानदण्ड बमोजिम थप प्रभावकारी पारदर्शी जवाफदेही औचित्यपूर्ण लागतप्रभावी एवम नतिजामूलक बनाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल जिल्ला कार्यसमिति गोरखाको आयोजनामा मिति २०८० साल असोज २३ देखि कार्तिक ३ गतेसम्म संचालन भएको वृहत लोकदोहोरी महोत्सव, २०८० मा यस गाउँपालिकाबाट सहभागी भएका प्रतियोगी कलाकारहरु पालिकास्तरीय लोक दोहोरी प्रतियोगितामा दोस्रो स्थान र पालिकास्तरीय झाँकी प्रतियोगितामा समेत दोस्रो स्थान हासिल गरेकोले सहभागी कलाकारहरुलाई हार्दिक बधाई सहित थप सफलताको शुभकामना दिने निर्णय गरियो ।

आज मिति २०८० साल मंसीर १७ गते आईतबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

उपस्थितिहरु:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

व्यवस्थापन सहयोगी

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

CamScanner

प्रस्तावहरु:-

१. यस अघि भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. नदिजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) उत्खनन् तथा संकलन सम्बन्धमा ।
३. क्षमता विकास योजना निर्माण सम्बन्धमा ।
४. चालु आ.व.को पहिलो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
५. भिसी थमन मार्गको ठेक्का आव्हान सम्बन्धमा ।
६. नेपाल सरकार सशर्त अनुदानतर्फको किसान सूचिकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
७. आगलागीबाट मृत्यु भएका परिवारलाई आर्थिक राहत दिने सम्बन्धमा ।
८. कादुरीबाट निर्माण गर्ने झोलुङ्गे पुलका लागि विघुत पोल सार्ने सम्बन्धमा ।
९. कृषि र पशुसेवा शाखाबाट चालु आ.व.मा कार्यान्वयन हुने कार्यक्रमको कार्यविधि पास सम्बन्धमा ।
१०.सर्जडबेशी देखि काशीगाउँ सडकको डिपिआर सम्बन्धमा ।
११.फुंगी खोला क्वारेन्टाईन व्यवस्थापन सम्बन्धमा ।
१२.माछिखोला प्रहरी चौकिको जग्गा खरिद गर्दाको बाँकी बक्यौता भुक्तानी सम्बन्धमा ।
१३.गाउँ कार्यपालिकाको कार्यालयबाट हालसम्म भएका कार्यहरुको प्रतिवेदन पेश सम्बन्धमा ।
१४.स्वास्थ्य कर्मचारी पदस्थापना सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि बसेको कार्यपालिका बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको क्षेत्र हुँदै बग्ने बुढिगण्डकि नदि र रेसेखोलाबाट नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) उत्खनन तथा संकलन गर्ने प्रयोजनका लागि स्वीकृत IEE report बमोजिम मिति २०८०।०६।०३ गते प्रथम पटक प्रकाशित ३० दिने सूचना र मिति २०८०।०७।१० गते दोस्रो पटक प्रकाशित १५ दिने सूचनामा समेत रितपूर्वक कुनै पनि प्रस्ताव पेश हुन नआएकोले स्थानीय आवश्यकतालाई परिपूर्ति गर्ने, विकास निर्माण कार्यलाई सुचारु गर्न, चालु आ.व.मा दहत्तर बहत्तरबाट २०,००,०००।- राजश्व अनुमान गरेकोले सो राजश्व संकलन गर्न लगायतका कारणहरुले गर्दा तपशिल बमोजिमको राजश्व लिई नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) उत्खनन तथा संकलन गर्ने गरि व्यवस्था मिलाउने निर्णय गरियो ।साथै पहुँच मार्ग खुलाउनुपर्ने अवस्थामा निर्माणको लागत अनुसार रकम निर्धारण हुनेछ ।

तपशिल:

| सि.नं. | ढुवानीका साधन | राजश्व रकम | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर | ८०० | |
| २ | टिपर | २५०० | |
| ३ | खच्चड | ५० | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नदीपुर पोखराको आर्थिक सहयोगमा यस गाउँपालिकाका लागि क्षमता विकास योजना निर्माण गर्नको लागि कार्यक्रम स्वीकृत भई आवश्यक बजेट समेत विनियोजन भएको र उक्त योजना निर्माणका लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र यस गाउँपालिकाबीच मिति २०८०/०८/०८ गते समझदारी पत्रमा समेत हस्ताक्षर भएको हुँदा सो क्षमता विकास योजना निर्माण परामर्शसेवाबाट गर्ने र प्रचलित कानून बमोजिम योग्य परामर्शदाताहरु छनौट गरी उक्त क्षमता विकास योजना निर्माण गर्ने प्रकिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा पहिलो चौमासिक अवधिमा गाउँपालिकाबाट भएको विकास निर्माण र सेवा प्रवाह लगायतका विषयमा आम जनतालाई सुसूचित गर्नका लागि सार्वजनिक सुनुवाई मंसिर महिनाको ३० गते शनिबार आयोजना गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. मा यस गाउँपालिकाका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) भिसि थमन मार्ग आयोजनामा बजेट विनियोजन भई आएकोले उक्त आयोजना कार्यान्वयन गर्नका लागि आवश्यक ठेक्का निष्काशन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.मा नेपाल सरकार सशर्त अनुदान चालुतर्फ स्वीकृत किसान सूचिकरण कार्यक्रमलाई गत वर्ष कार्यान्वयन भएका वडाबाहेकका वडामा यस वर्ष कार्यक्रम कार्यान्वयन गर्ने र सोका लागि प्रत्येक वडाका लागि २ र वडा नं १ का लागि १ जना गणक नियुक्ति गरि कार्यक्रम कार्यान्वयन गर्ने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८०।०७।२५ गते यस गाउँपालिकाको वडा नं. १ हुल्चुक स्थित कान्छि गुरुडको घरमा राति अन्दाजी १० बजेको समयमा आगलागि हुँदा घरमा सुतिरहेको अवस्थामा अ. वर्ष ७८ कि कान्छि गुरुङ र निजका अपाङ्ग छोरा वर्ष ५३ का चनारसिं गुरुडको मृत्यु भएको हुँदा मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै आगलागीबाट मृत्यु भएको हुँदा विपदजन्य घटनाबाट मृत्यु भएका व्यक्तिको हकमा पाउने आर्थिक राहत अन्तर्गत एउटै परिवारका दुइ जना सदस्य रहेको हुँदा प्रचलित नियमानुसार पहिलो एकजनाका लागि रु ५०,०००।– र दोस्रोका लागि रु २५,०००।– गरि जम्मा रु. ७५,०००।– प्रक्रिया पुरा गरि गाउँपालिकाबाट उपलब्ध गराउने । साथै प्रदेश सरकार र संघिय सरकारबाट नियमानुसार उपलब्ध हुने आर्थिक राहतका लागि समेत पहल तथा सहयोग गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा धार्चे गाउँपालिकाको वडा नं. २ कम्नाङ र ३ लुसिकाङ जोडने गरि बुढिगण्डकी नदिमा कादुरी संस्थाबाट झोलुङ्गे पुल निर्माण प्रक्रिया अगाडि बढेकोमा सो स्थानमा २ वटा विधुत पोल पर्न गएकोले उक्त पोलहरु सार्नका लागि नेपाल विधुत प्राधिकरण आरुघाट वितरण केन्द्रलाई पत्राचार गरिएकोमा सो केन्द्रबाट लागत इष्टिमेट तयार भई आएको र सो लागत इष्टिमेट बमोजिमको रकम भुक्तानी पश्चात पोल सार्ने प्रक्रिया अगाडि बढाउने हुँदा भुक्तानी गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८०।०८१ मा कृषि विकास शाखा र पशु सेवा शाखाबाट कार्यान्वयन हुने गरि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत शाखाबाट पेश भएका स्थानिय तहको पशु सेवा शाखाबाट सचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० र स्थानिय तहको कृषि विकास शाखाबाट सचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० स्वीकृत/पारित गरि सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा यस पालिकाका लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपूरक अनुदान) मा सर्जडबेशी काशीगाउँ सडकका लागि बजेट विनियोजन भई आएकोले उक्त योजना कार्यान्वयन गर्नका लागि सडकको डिपिआर तयार गरि अन्य प्रक्रिया अगाडि बढाउने र सोका लागि कन्टिन्जेन्सीबाट रू.५,००,०००।– बजेट विनियोजन गर्ने र डिपिआरका लागि उपयुक्त परामर्शदाता छनौट गरि प्रक्रिया तत्काल अगाडि बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकामा विगतमा कोभिड-१९ कोरोना भाइरस महामारीका रुपमा फैलिरहेको समयमा प्रचलित व्यवस्था अनुसार सो को रोकथाम तथा नियन्त्रणका लागि वडा नं. ७ स्थित फुंगि खोला नजिकको स्थानमा क्वारेन्टिन स्थापना गरि संचालनमा ल्याईएकोमा यस अगाडि नै उक्त क्वारेन्टिन आवश्यक नरहेको हुँदा सो को उचित व्यवस्थापन स्वास्थ्य शाखामार्फत गर्ने भनि निर्णय गरिएको हुँदा सो क्वारेन्टिनको यथासिघ्र व्यवस्थापन गर्ने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा विगतमा माछिखोला प्रहरी चौकीका लागि आवश्यक जग्गा खरिद गर्दा जग्गा धनी धार्चे गाउँपालिका वडा नं. ५ माछिखोला निवासी श्री तेज बहादुर गुरुडको रकम तिर्न बाँकि रहेको र निजले उक्त रकम उपलब्ध गराईदिन अध्यक्षलाई निवेदन पेश गरेको हुँदा विविध खर्च शिर्षकबाट रु. ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

१३.प्रस्ताव नं.१३ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयले चालु आ.व. मा हालसम्म सम्पादन गरेको कार्यको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत बैठकमा पेश भई जानकारी भयो ।

CamScanner

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको स्वास्थ्य सेवालाई थप गुणस्तरीय, प्रभावकारी, जवाफदेही एवम् नतिजामूलक बनाउनका लागि गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई तपशिल बमोजिम सरुवा तथा पदस्थापना गर्ने निर्णय गरियो ।

तपशिल:

| क.सं. | नाम थर | पद | हाल कार्यरत संस्था | कामकाजको लागि पठाउने संस्था |
|---|---|---|---|---|
| १ | राकेश कुमार महतो | अ.हे.ब. | रुन्चेत सा.स्वा.इ. | उहिया स्वास्थ्य चौकी |
| २ | रबिन्द्र राउत | अ.हे.ब. | खोर्ला सा.स्वा.इ. | रुन्चेत सा.स्वा.इकाई |
| ३ | रामचन्द्र रोकाया | अ.हे.ब. | माछीखोला स्वा.चौकी | खोर्ला सा.स्वा.इकाई |
| ४ | भगवती थापा | अ.न.मी. | माछीखोला स्वा.चौकी | लापु स्वास्थ्य चौकी |
| ५ | लक्ष्मी न्यौपाने | अ.हे.ब. | काशीगाँउ स्वा.चौकी | माछीखोला स्वास्थ्य चौकी |
| ६ | जित बहादुर सुनार | अ.हे.ब. | लापु स्वा.चौकी | माझगाँउ सा.स्वा.इकाई |
| ७ | गंगासरी घर्ति मगर | अ.न.मी. | लापु स्वा.चौकी | माछीखोला स्वास्थ्य चौकी |
| ८ | भावना सिंखडा | अ.हे.ब. | माझगाँउ सा.स्वा.इकाइ | लापु स्वास्थ्य चौकी |

CamScanner

आज मिति २०८० साल पौष १२ गते बिहिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिका वडा नं ३ स्थित खोर्लाबिशीमा, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो।

उपस्थितिहरु:

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री रुल वहादुर आले | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर वहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री धन कुमार घले | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र वहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

व्यवस्थापन सहयोगी

| | | | |
|---|---|---|---|
| १ | दिपक सिर्मल | शिक्षा अधिकृत | |
| २ | विजय कुमार श्रेष्ठ | सि.अ.हे.व. | |
| ३ | विवस खनाल | इन्जिनियर | |

प्रस्तावहरु:-

१. अघिल्लो बैठकमा भएको निर्णयको कार्यान्वयन सम्वन्धमा ।
२. हिउँदे गाउँसभा सम्वन्धमा ।
३. शिक्षा ऐन, २०७५ लाई संशोधन गर्ने सम्वन्धमा ।
४. शिक्षा नियमावली, २०७५ खारेज गर्ने सम्वन्धमा ।
५. शिक्षा अनुगमन समिति सम्वन्धी कार्यविधि-२०८० पारित गर्ने सम्वन्धमा ।
६. धार्चे गा.पा.को शिक्षक दरवन्दी मिलान तथा शिक्षक सरुवा सम्वन्धी कार्यविधि-२०८० पारित गर्ने सम्वन्धमा ।
७. धार्चे गाउँपालिकाको प्रधानाध्यापक नियुक्ती सम्वन्धी कार्यविधि-२०८० पारित गर्ने सम्वन्धमा।
८. धार्चे गा.पा.को करार शिक्षक, विद्यालय कर्मचारी परिक्षा सम्वन्धि कार्यविधि -२०८० पारित गर्ने सम्वन्धमा ।
९. धार्चे गाउपालिकाको शिक्षक, विद्यालय कर्मचारी आचारसंहिता-२०८० पारित गर्नेसम्वन्धमा।
१०. धार्चे गाउपालिकाको सार्वजनिक सम्पत्ति संरक्षण तथा सम्वर्द्धन गर्ने सम्वन्धी ऐन- २०८० सम्वन्धमा ।
११. धार्चे गाउँपालिकाको अन्तरगत रहेको जग्गाको मूल्यांकन सम्वन्धमा ।
१२. धार्चे गाउपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०८० सम्वन्धमा ।
१३. चा.लु. आ. व. मा विनियोजित बजेट तथा कार्यक्रम शंसोधन तथा रकमान्तर सम्वन्धमा ।
१४. विविध
    क) भुमिहिन दलित र भुमिहिन सुकुम्वासीलाई जग्गा उपलव्ध गराउने सम्वन्धमा ।
    ख) ड्रोन क्यामेरा मर्मत खर्च सम्वन्धमा ।
    ग) कृषि मेलामा सहभागिता सम्वन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नं. १ मा छलफल गर्दा यस अघिको बैठकमा भएको निर्णयहरुको कार्यान्वियनको अवस्थाको समिक्षा गरीयो।
२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस धार्चे गाँउपालिकाको हिउँदे गाउँसभा मिति २०८०/०९/२४ गते मंगलबारका दिन गर्ने निर्णय गरियो ।
३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा धार्चे गा.पा को शिक्षा ऐन, २०७५ लाई संशोधन गर्ने निर्णय गरियो ।
४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा धार्चे गा.पा को शिक्षा नियमावली, २०७५ र शिक्षा ऐन, २०७५ मा उल्लेख भएका केही दफाहरु बाझिएकाले शिक्षा नियमावली, २०७५ खारेज गर्ने निर्णाय गरियो ।
५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा धार्चे गा.पा अन्तर्गत रहेका सामुदायिक विद्यालय र समग्र शैक्षिक क्षेत्रको अनुगमनका लागि शिक्षा अनुगमन समिति सम्बन्धि कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो ।
६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा धार्चे गा.पा को शिक्षक सरुवा र दरबन्धि मिलानलाई व्यवस्थित गर्न शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा सम्बन्धि कार्याविधि, २०८० पारित गर्ने निर्णय गरियो ।
७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा धार्चे गा.पा अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयका प्र अ नियुक्तिलाई व्यवस्थित गर्नका लागि प्रधानध्यापक नियुक्ति सम्बन्धि कार्याविधि, २०८० पारित गर्ने निर्णय गरियो ।
८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा धार्चे गा.पा अन्तर्गत रहेका सामुदायिक विद्यालयको अस्थायी शिक्षक (करार, राहत, अनुदान) र कर्मचारीको नियुक्तिको लागि एकरुपता कायम गर्न विद्यालयमा अस्थायी शिक्षक र कर्मचारी नियुक्ति परीक्षा सम्बन्धि कार्याविधि,२०८० पारित गर्ने निर्णय गरियो ।
९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा धार्चे गा.पा. अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको आचारसंहिता लाई एकरुपता दिनका लागि शिक्षक, विद्यालय कर्मचारी आचारसंहिता, २०८० पारित गर्ने निर्णय गरियो ।
१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा धार्चे गा.पा को सार्वजनिक सम्पत्ति संरक्षण तथा सम्वर्द्धन गर्नका लागि सार्वजनिक सम्पत्ति संरक्षण तथा सम्वर्द्धन सम्बन्धि ऐन, २०८० पारित गर्ने निर्णय गरियो।
११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा धार्चे गा.पा अन्तर्गत रहेका जग्गाको मुल्याङ्कन गर्ने निर्णय गरियो ।
१२. प्रस्ताव नं. १२ उपर छलफल गर्दा धार्चे गा.पा को वातावरण तथा प्रकृतिको स्रोत संरक्षणका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८० पारित गर्ने निर्णय गरियो ।

CamScanner

१३.प्रस्ताव नं. १३ उपर छलफल गर्दा धार्चे गा.पा को चा.लु. आ.व. मा विनियोजित बजेट तथा कार्यक्रम संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

१४. विविध

(क) भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको लागि जग्गा व्यवस्पथापन गर्न अन्यत्र जग्गा नभएका कारण यस गापा अन्तर्गत वडा नं १ हुल्चुकमा विगत देखि प्रयोग एवम् बसोबास गर्दै आएको जग्गा नै उपलब्ध गराउने गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

(ख) प्रस्ताव नं १४ विविध ख मा छलफल गर्दा यस गाउँपालिका अध्यक्ष ज्युको स्वकीय सचिव सुन वहादुर गुरुङ्गको ड्रोन क्यामेरा कार्यालयको कामकाजको समयमा प्रयोग गर्दा बिग्रिएकाले मर्मत खर्च लागत रु ३८०००/- विविध खर्च शिर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो।

